## मिति २०७४।१२।०९ गतेको सचिव बैठकको निर्णयः

१. सम्माननीय प्रधानमन्त्रीज्यूबाट मिति २०७४।१२।०७ गते सबै प्रदेशका माननीय मुख्यमन्त्रीज्यू, प्रदेश प्रमुख सचिव एवं मुख्यन्यायाधिबक्ताहरुको पहिलो वैठकमा दिनुभएको निर्देशन वैठकमा जानकारी भयो ।

२. मन्त्रिपरिषदको निर्णय, मुख्यमन्त्रिको अध्यक्षतामा बस्ने समितिको बैठकको निर्णय र सचिव बैठकको निर्णयको प्रगति सवै मन्त्रालयहरुले प्रत्येक महिनाको ४ गते भित्र पठाउने निर्णय गरियो ।

३. मन्त्रालयहरुले आफूले गरेको मासिक कार्य प्रगति विवरण र आगामी महिनामा गर्ने कार्यहरु प्रत्येक महिनाको ४ गते भित्र पठाउने निर्णय गरियो ।

४. प्रत्येक महिनाको ५ गते सचिव बैठक बस्ने सो दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट बस्ने निर्णय गरियो ।

५. प्रत्येक मन्त्रालयले आ-आफ्नो कार्यक्षेत्रका विषय विज्ञहरुको फोन नं र इमेल सहितको सूची तयार गरी तीन दिन भित्र पेश गर्ने निर्णय गरियो ।

६. प्रदेशको संरचनाका सम्बन्धमा पूर्वाधार विकास सचिवले कहा राख्ने, कति लगानी लाग्ने आदि समेतको उल्लेख गरी मिति २०७४।१२।१५ मा मन्त्रिपरिषद बैठकमा प्रस्ताव ल्याउने निर्णय गरियो ।

७. आर्थिक मामिला तथा योजना मन्त्रालयले आगामी मन्त्रिपरिषदको बैठकमा प्रदेश संचित कोषको विधेयक र आगामी आ.व को शिलिङ पेश गर्ने निर्णय गरियो ।

८. सार्वजनिक विदाको दिन सरकारी सवारी साधन काम विशेषले प्रयोग गर्नु परेमा आन्तरिक मामिला तथा कानून मन्त्रालयको स्वीकृति लिएर मात्र प्रयोग गर्ने ।

९. सवै मन्त्रालयले नेपाल सरकारले तोकेको ढाँचामा खर्चको विवरण (फाँटबारीहरु) तयार गरी कोष तथा लेखा नियन्त्रक कार्यालय कास्की, आर्थिक मामिला तथा योजना मन्त्रालय र महालेखा नियन्त्रकको कार्यालयमा मासिक रुपमा पठाउने निर्णय गरियो ।

१०. यस प्रदेश का मन्त्रालयहरुले नयाँ संरचना अनुरुप भौतिक व्यवस्थापन गर्न प्रदेश सरकारको कार्यसञ्चालनका लागि आवश्यक कानून तर्जुमा गर्न तथा अन्य आवश्यक पूर्वाधारहरु तयार पार्नका लागि कार्यालय समय बाहेक अतिरिक्त समयमा समेत काम गर्नुपर्ने स्थिति रहेकाले त्यसरी काम गर्ने कर्मचारीको लागि उत्प्रेरणाका लागि प्रत्येक मन्त्रालयले आ-आफ्नो मन्त्रालयका कार्यहरु उल्लेख गरी उत्प्रेरणा मापन सुचक तयार गरी माननीय मुख्यमन्त्रीज्यूको अध्यक्षतामा गठित प्रादेशिक विकास एवं सुशासन प्रवर्धन समितिमा पेश गर्ने गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा उपलब्ध गराउने ।